AI Index: ASA 31/2140/2015

२२ जुलाई २०१५

**नेपालको मस्यौदा संविधानमाथिको परामर्श प्रक्रियाअन्तर्गत एम्नेस्टी इन्टरनेसनलको सुझाव**

देशको संविधानसभाले ७ जुलाई २०१५ मा पारित गरी दुई हप्ता लामो सार्वजनिक परामर्श प्रक्रियाका लागि प्रस्तुत गरेको मस्यौदा संविधानमा मानवअधिकारसम्बन्धी केही प्रमुख कमीकमजोरी रहेकामा एम्नेस्टी इन्टरनेसनल[1]को चासो रहेको छ र ती कमीकमजोरीहरूलाई तत्कालै सम्बोधन गरिनु आवश्यक छ । विशेषगरी, महिला र दलितजस्ता सीमान्तकृत समुदायका अधिकारहरू मस्यौदामा स्पष्टसँग र पर्याप्त मात्रामा संरक्षित गरिएका छैनन् ।

संविधानसभाले संविधानमाथिको सार्वजनिक परामर्श कार्यका लागि केवल दुई हप्ताको समयमात्र स्वीकृत गर्नु र त्यो सीमित समयसीमालाई पनि राष्ट्रिय वा अन्तर्राष्ट्रिय रुपमा प्रचार गरिएको अस्पष्ट समयसीमाले अझ खराब बनाइनु थप चासोको विषय रहेको छ ।

मस्यौदा संविधानमाथि एम्नेस्टी इन्टरनेसनलका देहायका खास चासोहरू रहेका छन् र तिनको सम्बोधन गर्न संशोधनको सिफारिस गर्दछ ।

**नागरिकतासम्बन्धी मुद्दा**

हाल मस्यौदा गरिएको धारा १२ (१) अनुसार वंशजको नागरिकता प्राप्त गर्नका लागि कुनै बालक/बालिकाले निजको बाबु र आमा दुवै नेपाली नागरिक भएको प्रमाणित गर्न आवश्यक छ । यसले एकल अभिभावक र शरणार्थी अभिभावकका छोराछोरीलाई बोझ थोपर्ने काम गर्छ, किनभने उनीहरूका लागि दुवै अभिभावकको नागरिकता प्रमाणित गर्न सम्भव नहुनसक्छ ।

नेपालमा हाल अनुमानित ४२ लाख व्यक्तिहरू आफ्नो नागरिकता प्रमाणित गर्न नसकेका कारण राज्यविहीन अवस्थामा छन्, जसले गर्दा उनीहरू उच्च शिक्षा, स्वास्थ्य सेवा र सरकारी रोजगारजस्ता आधारभूत राज्य सेवाहरूको पहुँचबाट टाढा छन् ।

नागरिकता प्रमाणित गर्न दुवै अभिभावकको आवश्यकतालाई हटाउन एम्नेस्टी इन्टरनेसनल जोडदार रुपमा आग्रह गर्दछ । कुनै पनि बालक/बालिकाले आफ्ना अभिभावकमध्ये कुनै एकको नागरिकताको प्रमाणका आधारमा वंशजको नागरिकता प्राप्त गर्न सक्नुपर्छ । यसका अतिरिक्त, हाल प्रस्तावित अवस्थामा यो धारा समलिङ्गी दम्पती र उनीहरूका छोराछोरीप्रति भेदभावजन्य छ । यो धारामा लैङ्गिक रुपमा तटस्थ भाषाको प्रयोग गर्दै 'आमा र बाबु'को सट्टा 'अभिभावक' शब्दावलीको प्रयोग गरिनुपर्छ ।

धारा १२ (२) को संशोधन गरी बालिग भएका आधारमा मात्र नभई जन्मका आधारमा नागरिकता प्रदान गर्ने व्यवस्था गरिनुपर्छ ।

धारा १२ (४) ले नेपाली आमाबाट जन्मेको तर बाबुको पहिचान नभएको व्यक्तिलाई वंशजका आधारमा नागरिकता प्रदान गर्दछ । तर तत्कालै प्रतिबन्धको दफामार्फत पछि बाबु विदेशी नागरिक भएको प्रमाणित भएमा त्यसलाई अङ्गीकृत नागरिकतामा परिणत गर्दछ । यो व्यवस्थाले आफ्ना छोराछोरीलाई आफ्नो नामबाट नागरिकता प्रदान गर्ने विषयमा नेपाली महिलाविरुद्ध भेदभाव गर्दछ र यो नेपाल पक्ष राष्ट्र भएको महिलाविरुद्ध हुने सबै प्रकृतिका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (सीड)को विपरीत छ ।

धारा १३ ले नेपाली महिलासँग विवाहित विदेशी पुरुषमाथि भेदभावजन्य भार थोपर्ने काम गर्दछ । मस्यौदा गरिएअनुरुप विदेशी श्रीमान् नागरिकताका लागि योग्य हुन १५ वर्ष पर्खनुपर्छ भने विदेशी श्रीमतीले आफ्नो नागरिकता परित्याग गर्न चाहेमा विवाहलगत्तै नागरिकताका लागि योग्य हुनेछिन् । नेपाली नागरिकता प्राप्त गर्ने सर्तहरू नेपाली नागरिकसँग विवाह गर्ने विदेशी महिला र पुरुषलाई समान रुपमा लागू हुनुपर्छ ।

[1] हामी मानवअधिकारको संरक्षण र प्रवर्द्धनका लागि अभियान सञ्चालन गर्ने सत्तरी लाखभन्दा बढी मानिसको विश्वव्यापी आन्दोलन हौं, तथापि नेपालमा गैरसरकारी संस्थाका रुपमा पनि दर्ता भएका छौं ।

हाल मस्यौदा गरिएको अवस्थामा धारा १५ अस्पष्ट छ । यो धारा खारेज गरिनुपर्छ । धारा १२ लाई एकल अभिभावक, शरणार्थी, लिङ्ग परिवर्तन गरेका अभिभावक वा समलिङ्गी दम्पतीका छोराछोरीविरुद्ध भेदभाव नगर्ने र छोराछोरीलाई एउटामात्र अभिभावक (कुनै पनि लिङ्ग)को नामबाट वंशजका आधारमा नागरिकता प्राप्त गर्न स्वीकृति प्रदान गर्ने गरी संशोधन गरिनुपर्छ ।

धारा १९ ले विदेशमा बसोबास गर्ने नेपाली मूलको व्यक्तिलाई आर्थिक, सांस्कृतिक र सामाजिक अधिकार प्रदान गर्दछ, तर दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) क्षेत्रभन्दा बाहिरका देशमा बसोबास गर्नेहरुका लागि मात्र । यो धारा स्पष्ट रुपमा भेदभावजन्य छ र विदेशमा बसोबास गर्नेमा ठूलो बहुमत रहेको विशेषगरी दक्षिण एसिया क्षेत्रमा बसोबास गर्ने नेपालीहरूविरुद्ध भेदभाव गर्नेतर्फ लक्षित छ ।

“पिछडिएका” भन्ने शब्दावली “वर्ग” वा “महिला” माथि लगाउँदा भेदभावजन्य र अपमानजनक छ र त्यसलाई राज्य वा अन्यबाट भेदभावको सामना गरेका समूहहरूलाई पहिचान गर्ने “सीमान्तकृत” जस्ता शब्दावलीले प्रतिस्थापित गरिनुपर्छ (हेर्नुहोस् धारा २३ (३), ४७ (१), ५५ (च)(१), ५५ (ञ) (१०), २५४(१) (क), २६२(२)) ।

**स्वतन्त्रताको अधिकार**

धारा २२(२) (१ देखि ६) : यी उपधाराहरूले राष्ट्रियता, सु-सम्बन्ध, श्रमको अवहेलना, सार्वजनिक स्वास्थ्य, शिष्टाचार, सार्वजनिक नैतिकता, उद्योग, व्यापार वा सूचीकृत अन्य विषयलाई के कुराले खलल पार्छ भन्ने कुराको निर्णय गर्ने अधिकार सरकारलाई प्रदान गरेर स्वतन्त्रताको अभ्यासमा अस्पष्ट र स्वेच्छाचारी सीमाहरू लगाउँदै अनावश्यक प्रतिबन्धहरू लगाउने काम गर्दछन् । स्वतन्त्रतामाथि लगाइने कुनै पनि प्रतिबन्धलाई सार्वजनिक सुव्यवस्था संरक्षण गर्नका लागि अत्यावश्यकमा सीमित गरिनुपर्छ र कानुनद्वारा स्वीकृत भएअनुसार हुनुपर्छ ।

**न्यायको अधिकार**

मस्यौदा संविधानको धारा २५(४)लाई संशोधन गरी त्यस्ता अपराधहरूमा अतित प्रभावी नहुने नियम हटाइनुपर्छ जसले गर्दा बलजफ्ती बेपत्ता बनाउने कार्यसहित द्वन्द्वको समयमा भएका उल्लङ्घनहरूको सन्दर्भमा जवाफदेहिताका लागि मार्गप्रशस्त हुनसकोस् ।

नेपाल पक्षराष्ट्र भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (आइसीसीपीआर)को धारा १५ले कसूर गर्दाको समयमा अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका अपराधहरूमा अतित प्रभावी कानुन विरुद्धको प्रतिबन्ध लागू नहुने स्पष्ट गरेको छ ।

साथै, धारा २५ मा निवारक नजरबन्दमा राखिएको व्यक्ति वा शत्रु देशको नागरिकको हकमा पक्राउ गरिएको व्यक्तिको पक्राउ भएको समयदेखि नै आफूले रोजेको कानुन व्यवसायीमा पहुँचको अधिकार र पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समयको चौबीस घन्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराइनुपर्ने अधिकारलाई हटाइएको छ । यो आइसीसीपीआरको धारा ९(३), १० र १४ले प्रत्याभूत गरेको भन्दा विपरीत पक्राउ गरिएका सबै व्यक्तिहरूको अधिकारमाथि ठूलो प्रतिबन्ध हो ।

**निवारक नजरबन्दविरुद्धको अधिकार**

मस्यौदा गरिएको अवस्थामा धारा २८ ज्यादै फराकिलो छ र त्यसकारण कसलाई निवारक नजरबन्दमा राख्न सकिन्छ भन्ने बारेमा निर्णय गर्न सरकारलाई व्यापक अधिकार प्रदान गर्दछ । “नेपालको सार्वभौमसत्ता र अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पार्ने” भन्ने लागेमा जो कोहीलाई बन्दी बनाउन मस्यौदाले सरकारलाई स्वीकृति प्रदान गर्छ ।

**महिलाको अधिकार**

धारा ४३ (६) मा विवाहित दम्पतीमध्ये प्रत्येकको आर्थिक तथा पारिवारिक मामिलामा समान हक हुने उल्लेख गरिएको छ । यो उपधाराले महिलाविरुद्ध हुने सबै प्रकृतिका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (सीड)को धारा १६ को भाषालाई उद्धृत गर्दै विवाहमा समानताका अन्य पक्षहरू जस्तैः छोराछोरीमाथिको हक, व्यक्तिगत अधिकार र प्रजनन अधिकारका साथै विवाह स्वतन्त्रपूर्वक गर्न पाउने अधिकारलाई समावेश गर्नुपर्छ ।

**यौन तथा प्रजनन अधिकार**

अन्तरिम संविधानले धारा २० (२)मा प्रत्याभूत गरेको “प्रजनन स्वास्थ्यको अधिकार”लाई मस्यौदा संविधानको धारा ४३ (२) अन्तर्गतको “सुरक्षित मातृत्वको अधिकार” र “प्रजननसम्बन्धी अधिकार”ले प्रतिस्थापन गरिनु महिला अधिकार समूहहरूका लागि गम्भीर चासोको विषय भएको छ । मस्यौदा संविधानमा भाषालाई तोडमोड गरिनुको कारण कुनै पनि अर्थमा स्पष्ट छैन । यो धाराले महिलाहरूको प्रजनन अधिकार (छोराछोरीको सङ्ख्या, जन्मदर र समयबारे निर्णय गर्न र त्यसो गर्न आवश्यक सूचना र माध्यम प्राप्त गर्ने अधिकार र उच्चतमस्तरको यौन तथा प्रजनन स्वास्थ्य हासिल गर्ने अधिकारसमेत)लाई मात्र नभई यौन तथा प्रजनन

स्वास्थ्यसहित उनीहरूको यौनिकतासम्बन्धी विषयहरूमाथि नियन्त्रण राख्ने र कुनै दबाब, भेदभाव र हिंसाबाट मुक्त भएर त्यसबारे स्वतन्त्र र जिम्मेवारीपूर्वक निर्णय गर्न पाउने अधिकारलाई प्रतिबिम्बत गर्नुपर्छ।

धारा ४३ (२)मा लैङ्गिक पहिचानका आधारमा गरिने भ्रूणहत्याको अपराधीकरण गर्ने प्रावधान समावेश छ । सन् २०११ मा मानवअधिकारका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तको कार्यालय, युनिसेफ, युएनएफपीए, युएन वुमन र विश्व स्वास्थ्य सङ्गठनबाट जारी भएको युएन इन्टर-ऐजेन्सी स्टेटमेन्टले लिङ्ग पहिचानमाथि प्रतिबन्ध लगाउने कार्य महिला-पुरुष अनुपात कम गर्नमा खासै प्रभावकारी नभएको उल्लेख गरेको थियो । लिङ्ग पहिचानका आधारमा हुने गर्भपतनसहित लिङ्ग पहिचानलाई प्रतिबन्ध गर्ने कानुनहरूले सामान्यतया जन्मपूर्व गरिने परीक्षण (जुन महिलाको गर्भावस्थाको स्वास्थ्यमाथिको कुनै पनि जोखिमको जाँच गर्न र महिलाको जीवन वा स्वास्थ्यका लागि अत्यावश्यक हुनसक्छ) र गर्भपतनमा पहुँचलगायतका प्रजनन अधिकारहरूलाई संकटमा पार्ने ती निकायहरूले पाए । त्यसको सट्टा राज्यहरूले लिङ्ग पहिचानका अन्तर्निहित कारणहरू जस्तैः महिला तथा युवतीहरू विरुद्ध हुने भेदभाव र भेदभावजन्य लैङ्गिक रुढीवादहरूलाई सम्बोधन गर्नुपर्छ।

**बाल अधिकार**

धारा ४४ ले बालबालिकाको परिभाषा दिन सकेको छैन । संविधानले नेपाल पक्षराष्ट्र रहेको संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धिको धारा १ अनुरुप अठार वर्षमूनिको व्यक्तिलाई बालबालिका भनेर परिभाषित गर्नुपर्छ।

**दलितको अधिकार**

संविधानले सुरक्षा सेवासहित सबै प्रकारका सरकारी सेवाका सबै तहमा दलित र आदिवासीहरूको समानुपातिक प्रतिनिधित्वका लागि स्पष्ट आह्वान गर्नुपर्छ। मनोनयन प्रक्रियामार्फत संसद्को दुवै सदनमा दलित र आदिवासीहरूको समानुपातिक प्रतिनिधित्वका लागि पनि संविधानले आह्वान गर्नुपर्छ।

दलित समुदायको आफ्नो परम्परागत पेशालाई स्वतन्त्र इच्छा भएमा र सामाजिक वा अन्य दबाब बिनामात्र अंगाल्न पाउने अधिकार सुनिश्चित गर्न धारा ४५ (४) लाई संशोधन गर्नुपर्छ।

**माफी र क्षमा**

धारा २७१ र १६४ले क्रमशः राष्ट्रपति र प्रान्तको कार्यकारी प्रमुखलाई बलजफ्ती बेपत्ता बनाउने, यातना र बलात्कारसहित गम्भीर अपराधहरूको सन्दर्भमा आममाफीसहित वस्तुतः र कानुनतः आममाफीलाई प्रतिबन्धित गर्ने कुनै पनि प्रावधानबिना माफी र क्षमा दिने असीमित अधिकार प्रदान गर्दछन् । अन्तर्राष्ट्रिय कानुनअन्तर्गत मानवअधिकारको गम्भीर उल्लङ्घनका लागि आममाफी स्वीकृत नभएको हुनाले प्रस्तावित प्रावधानलाई नेपालको अन्तर्राष्ट्रिय मानवअधिकार दायित्वहरू र नेपालको सर्वोच्च अदालतले स्थापित गरेको विधिशास्त्र अनुरुप बनाउन संशोधन गरिनुपर्छ।

**संकटकालीन अवस्था**

प्रस्तावित प्रावधान (धारा २६८) ले कुनै खास अधिकारको निलम्वन संवैधानिक हो वा होइन भनेर अदालतमा प्रश्न उठाउन कुनै पनि व्यक्ति वा समूहलाई स्वीकृति प्रदान गर्दैन । आइसीसीपीआरको धारा ४ अनुसार संकटकालीन अवस्थामा केही अधिकारहरूलाई निलम्वन गर्न सकिए तापनि त्यस्तो निलम्वन समानुपातिकता र आवश्यकताको परीक्षणमा आधारित हुनुपर्छ र खास अधिकारको निलम्वन अनिवार्यतालाई पूरा गर्न आवश्यक छ वा छैन भनेर जाँच गर्न न्यायिक पुनरावलोकनको सम्भावना सदैव उपलब्ध हुनुपर्छ।